स्थापना दिवस: ४५ जनाले गरे रक्तदान, सुत्केरी र ज्येष्ठ नागरिक सम्मानित। पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक





● मकवानपुर, वर्ष-१५, ● अंक-२४ ● २०७९ पुस ११ गते सोमबार, ● 26 Dec. 2022, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


# थाहा च्याम्पियन बन्दै ९ नम्बर वडाले चुम्यो उपाधि



विकास संवाददाता

थाहानगर

मकवानपुर थाहा नगरस्तरीय अन्तर वडा फुटबल प्रतियोगितामा ९ नम्बर वडा च्याम्पियन बनेको छ। थाहा नगरपालिका वडा नम्बर ९ ले वडा नम्बर ४ लाई १–० गोल अन्तरले पछिपार्दै उपाधि चुमेको हो ।

उपाधि चुमेसंगै ९ नम्बर वडाले नगद ३० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको छ । उपविजेता थाहा नगरपालिका वडा नम्बर ४ ले नगद १५ हजार शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको छ। वडा नम्बर २ र ३ ले सान्त्वनाको रूपमा नगद ५/५ हजार रूपियाँ पुरस्कार पाएका छन् । प्रतियोगितामा थाहा नगरपालिका वडा नम्बर ९ का गोल रक्षक रूपेश बलामी उत्कृष्ट गोल रक्षक घोषित हुँदा ९ नम्बर वडाकै सरोज रेग्मी सर्वाधिक गोलकर्ता घोषित भए । प्रतियोगिताको उत्कृष्ट खेलाडी भने वडा नम्बर ४ का सुजन पाखिन घोषित भए। उनीहरूलाई ट्रफी पाएका छन् ।

प्रतियोगिताको विजेता, उपविजेता तथा उत्कृष्ट खेलाडीहरूलाई थाहानगर प्रमुख विष्णु विष्टले पुरस्कार तथा प्रमाणपत्र वितरण गरे। थाहा नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष तथा थाहानगर खेलकुद विकास समितिका सदस्य राजकुमार बलामीको सभाध्यक्षतामा भएको पुरस्कार वितरण तथा समापन कार्यक्रमको विशेष अतिथी नगर उपप्रमुख भरत गोपाली रहेका थिए। कार्यक्रममा वडा नम्बर १ का वडाध्यक्ष हेरमान गोपाली, वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, थाहा नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, नगर खेलकुद विकास समितिका सदस्य यादवजंग रायमाझी, बच्चुराम केसीलगायतकाको आतिथ्यता रहेको थियो। कार्यक्रमको विजेता तथा उपविजेताहरूलाई अतिथीहरूले बधाई दिएका थिए ।

५ पुसबाट शुरू भएको प्रतियोगितामा वडा नम्बर ५ ले टिम दर्ता नै गरेन भने वडा नम्बर ८ टिम दर्ता गरेपनि प्रतियोगितामा सहभागी नभएपछि १२ मध्ये १० वटा मात्र वडाको टिम प्रतियोगितामा सहभागी भएको खेलकुद विकास समिति थाहानगरका सदस्य यादवजंग रायमाझीले जानकारी दिए। स्थानीय खेलाडीहरूलाई प्रोत्साहन गर्दै यहि २६ पुसबाट थाहानगरमा संचालन हुने थाहा गोल्डकपका लागि खेलाडी छनोटका लागि वार्षिक क्यालेण्डर अनुसार प्रतियोगिताको आयोजना गरिएको थाहा नगरपालिका सामाजिक विकास अधिकृत अनिल लामिछानेले जानकारी दिए। कार्यक्रमको अवसरमा प्रतियोगिता अवधिभर सहयोग गर्ने विभिन्न व्यक्ति तथा संघ संस्थाहरूलाई नगरपालिकाको तर्फबाट मायाँको चिनो वितरण गरिएको थियो।

# थाहाका प्रमुख प्रशासकीय अधिकृत शैक्षिक विदामा



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हामेनाथ काफ्ले वैदेशिक शैक्षिक विदामा बसेका छन्। उनलाई ४ पुसमा नगरपालिकामा एक कार्यक्रमको आयोजना गरी शुभकामनासहित विदाई गरिएको पालिकाले जनाएको छ।

पर्यटन मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हुँदै थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको रूपमा १६ साउनमा हाजिर भएका काफ्ले ५ महिनाकै अवधिमा विदाई भएका हुन्। सार्वजनिक सेवा प्रवाह र स्थानीय तहको संस्थागत सबलिकरणमा दख्खल राख्ने काफ्लेको विदाई भएसंगै को प्रमुख प्रशासकीय अधिकृत आउने भन्ने विषयमा टुङ्गो लागिसकेको छैन।

आर्थिक वर्ष २०७९/०८० को योजना संचालन तथा कार्यान्वयनको मध्ये समयमा प्रमुख प्रशासकीय अधिकृत विदाइ भएपछि सक्दो चाँडै प्रमुख प्रशासकीय अधिकृत पठाउने तयारी भैरहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव अर्जुन प्रसाद पोखरेलले प्रतिक्रिया दिए। विदाइ भएका प्रमुख प्रशासकीय अधिकृत काफ्ले लोक सेवा आयोगले २०७९ असार ७ गते प्रकाशित गरेको उपसचिवको नतिजामा १ नम्बर योग्यता क्रम कायम भएका व्यक्ति हुन् ।

# पालुङ बहुउद्देश्यीय सञ्चालक समितिले पुर्णता पायो

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा मुख्य कार्यालय रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको २३ औ वार्षिक साधारणसभाबाट अध्यक्षमा उमेश ढकालसहित नौ सदस्यीय कार्यसमिति निर्वाचित भएका छन्। सहकारीका सबै पदाअधिकारी तथा सदस्य सर्वसम्मत निर्वाचित भएका हुन्। अध्यक्ष ढकाल चार्टर एकाउन्टेन्ट (सि.ए.) हुन्।

तीन दिनको रस्साकस्सी र बृहत छलफलबाट चुनाव नै नगरी सर्वसम्मत नयाँ कार्यसमितिको चयन गरिएको हो। नयाँ निर्वाचित कार्यसमितिको उपाध्यक्षमा अरूण रायमाझी, सचिव नवराज बिष्ट, कोषाध्यक्ष गुप्त बहादुर कार्की रहेका छन । सदस्यहरूमा उत्तम लामिछाने, राजन ढकाल, सत्यदेवी स्याङ्तान, जानुका ढकाल र रिता कार्की र लेखा समिती संयोजकमा कालीचरण बस्नेत, सदस्यहरू रूपचन्द्र गोपाली तथा राजकुमार कार्की चयन भएको मुख्य निर्वाचन अधिकृत विरेन्द्र ढुंगानाले जानकारी दिए। नवनिर्वाचित पदाधिकारी तथा कार्यसमितीलाई ४ पुसमै मुख्य निर्वाचन अधिकृत बिरेन्द्र ढुंगाना तथा निर्वाचन अधिकृतहरू दिपक सिंह बिष्ट तथा सुशील कुमार पोखरेलले पद तथा गोपनियताको सपथ गराएका छन। सपथ ग्रहण कार्यक्रम निवर्तमान अध्यक्ष पुरूर्षोत्तम कार्कीको सभाध्यक्षतामा भएको थियो।

# जिल्लास्तरीय विज्ञान प्रदर्शनीमा थाहानगरको हिमालयन दोस्रो

◆ विकास संवाददाता

बागमती प्रदेश शिक्षा निर्देशनालको आर्थिक सहयोगमा शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरको आयोजनामा भएको जिल्लास्तरीय विज्ञान प्रदर्शनीमा थाहानगरको हिमालयन इङ्लिस बोर्डिङ स्कूल दोस्रो भएको छ।

हेटौंडाको सिद्धार्थ माविमा भएको जिल्लास्तरीय विज्ञान प्रदर्शनीमा महेन्द्र मावि भिमफेदी पहिलो भएको छ। प्रदर्शनीमा महेन्द्र प्राविधिक स्कुल बकैया तेश्रो तथा मकवानपुरगढीको भानु मावि चौथो भएको छ। हेटौंडा–२ स्थित सिदार्थ माविको सभाहलमा भएको प्रदर्शनीमा जिल्लाका १० वटा स्थानीय तह मध्ये ९ वटा स्थानीय तहका एक/एक वटा माध्यमिक विद्यालयको सहभागिता रहेको बिज्ञान प्रदर्शनीमा उत्कृष्ट हुने विद्यालयलाई प्रमुख अतिथी जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए। विज्ञान प्रदर्शनी कार्यक्रममा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यालयलाई क्रमशः नगद ५ हजार रूपैयाँ, ३ हजार रूपैयाँ, २ हजार रूपैयाँ र १ हजार रूपैयाँसहित पुरस्कार प्रदान गरिएको छ। प्रदर्शनीमा प्रत्येक विद्यालयबाट एक जना शिक्षकको प्रतिनिधित्वमा दुई जना विद्यार्थीको सहभागिता रहेको थियो।

शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमको अध्यक्षतामा कार्यक्रम भएको हो। कार्यक्रममा प्रमुख घलानले विज्ञान प्रदर्शनीले विद्यार्थिहरूको सिक्ने र सिकाउने कलामा बृद्धि हुने हुँदा कार्यक्रम निकै उत्कृष्ठ भएको बताए। उनले विद्यार्थीले निर्माण गरेका सामग्रीलाई प्रयोगमा ल्याउन र यसलाई निरन्तरता दिन जरूरी रहेको बताए। कार्यक्रममा शिक्षा निर्देशनालयका निर्देशक पुर्ण बहादुर दर्जीले प्रबिधिलाइ विद्यालयसँग जोड्ने साथै देशका लागि मात्र नभई विश्वका लागि चर्चित बैज्ञानिक उत्पादन गर्ने उदेश्यका साथ कार्यक्रम आयोजना गरिएको बताए।




# • सम्पादकीय •

## ज्येष्ठ नागरिकप्रति गम्भीर बनौं

आज दोस्रो राष्ट्रिय ज्येष्ठ नागरिक दिवस । दिवसको विषयमा चर्चा र औपचारिक कार्यक्रमहरु त्यति सुनिएनन् । खासमा यस्ता दिवसमा ज्येष्ठ नागरिकको सम्मानित जीवनयापनबारे विभिन्न कोणबाट विचार विमर्श हुने गर्छ । ज्येष्ठ नागरिकका सवाल पहिचान गर्न, ती सवाल उजागर गर्न र सम्बद्ध सबै पक्षलाई जिम्मेवार बनाउन यस्ता दिवसहरुले अवसर सिर्जना गर्दै आएका छन् । पछिल्लो समय ज्येष्ठ नागरिकहरुले अपहेलित जीवन बिताउनुपर्ने अवस्था बढ्दै गएको प्रति चिन्ता जाहेर गर्दै आफ्नो जीवनकालमा श्रम, सीपको योगदान गरेर देश विकासमा भूमिका निर्वाह गरेका ज्येष्ठ नागरिकको समग्र सुरक्षा र सम्मानित जीवनका लागि राज्यको अभिभावकीय भूमिकाको खोजी गर्ने र बाबुआमाप्रतिको दायित्व निर्वाहमा सन्तानलाई जिम्मेवार बनाउन यस्ता दिवसहरुले सान्दर्भिक बहसको मौका प्रदान गर्छन् । त्यसो त बाबुआमाप्रतिको दायित्व निर्वाह गर्न र आफ्ना देशका नागरिकको सहज जीवनयापनको वातावरण बनाउन कुनै दबाब या दिवसको आवश्यकता नपर्नु पर्ने हो । स्वतः दायित्वबोध हुनुपर्ने कुरा हो । तर पनि विषयगत संवेदनशीलता महसुस गराउन, छुटेका कडी जोड्न र सम्बद्ध सबैको ध्यानाकर्षण गराउन यस्ता दिवसहरु सहयोगी नै हुन्छन् । वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको ९ प्रतिशत अर्थात २५ लाख बढी ज्येष्ठ नागरिक रहेका थिए भने जनगणना २०७८ अनुसार यो संख्या करिब ३३ लाख पुगेको छ । प्रत्येक १० वर्षमा गरिने जनगणनाले नेपालमा बृद्धबृद्धाहरुको संख्यामा बृद्धि हुँदै गएको देखिएको छ । यसबाट नेपालमा औसत आयु पनि बढेको स्पष्ट हुन्छ ।

विश्वमा ६० वर्ष उमेर पुगेका मानिसको संख्या ७६ करोड रहेको अनुमान छ । औसत आयुमा देखिएको सुधारले यो संख्या सन् २०५० सम्ममा दुई अर्ब पुग्ने अनुमान छ । स्वास्थ्य सेवामा बढ्दो पहुँच, आर्थिक स्तरमा भएको प्रगति, खाद्यान्नको पर्याप्ततालगायतका कारण व्यक्तिको औसत आयु पछिल्ला वर्षमा बढ्दै गएको छ । यसरी ज्येष्ठ नागरिकको संख्या बढ्दै जाँदा उनीहरुका अधिकार तथा आवश्यकताहरु पनि विस्तार हुँदै गएका छन् । ज्येष्ठ नागरिकको दैनिकीलाई सहज बनाउन ज्येष्ठ नागरिक भत्ताका अतिरिक्त सरकारले ज्येष्ठ नागरिक बिमा कार्यक्रम पनि लागु गरेको छ । दिवा सेवा केन्द्रहरु खुलेका छन् । ज्येष्ठ नागरिकलाई यातायात र स्वास्थ्योपचारमा पचास प्रतिशत छुटको व्यवस्था छ । यसको अलावा सम्पत्ति लिने तर बुवाआमाको स्याहार नगर्ने सन्तान या हकवालालाई जिम्मेवार बनाउने गरी सरकारले ज्येष्ठ नागरिक सम्बन्धी ऐनमा संशोधन गरेको छ । कानुन अनुसार ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण वा हेरचाह नगरेमा र अलपत्र परेमा स्थानीय तहले हेरचाह केन्द्रमा राखी व्यवस्था गर्नुपर्ने र त्यस्तो अवस्थामा उनीहरुसँग भएको जायजेथा वा अंश भाग स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याई ज्येष्ठ नागरिकका लागि परिचालन गर्ने व्यवस्था समेत छ । परिवारबाटै अपहेलित हुँदै गएको अवस्था संबोधन गर्न यस्तो कानुन ल्याएको हो । यो ऐन सम्बन्धी नियमावली भने बन्ने क्रममै छ ।

संविधानको मौलिक हकमा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएकाले त्यसको कार्यान्वयनका लागि सहज हुने गरी ऐन कानुन निर्माण भएको अवस्थामा त्यसको कार्यान्वयन पक्ष प्रभावकारी हुने हो भने ज्येष्ठ नागरिकको सम्मानित जीवनको सुनिश्चिततामा सकारात्मक परिणाम ल्याउनेछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# विकासमा सूचना-सञ्चार प्रविधिको भूमिका



रुपनारायण खतिवडा

वर्तमान एक्काईसौँ शताब्दीलाई विश्वमा सूचना-सञ्चार प्रविधिको युगका रूपमा चित्रित गर्ने गरिन्छ । अहिलेको विश्वमा मुलुकभित्र र मुलुकहरूबीचको भौगोलिक सिमा र अवरोधलाई सहजै परास्त गर्दै विश्वभरका मानिस एवं स्थानहरूबीच विशाल सञ्जाल र सम्पर्क कायम गराउने प्रभावकारी माध्यमका रूपमा सूचना-सञ्चार प्रविधि स्थापित भइसकेको छ । विश्वव्यापीकरणको प्रविधिगत आयामका रूपमा रहेको सूचना-सञ्चार प्रविधिमार्फत विश्वका नागरिकहरू एक-आपसमा जोडिएका मात्र होइन, यसले सामान्य मानिसको दैनिक जीवनयापनदेखि समाज, देश एवं राष्ट्रिय, अन्तर्राष्ट्रिय परिदृश्यमा हरेक पल, क्षण र क्रियाकलापहरूमा प्रभाव पारिरहेको छ । विकास र यसको व्यवस्थापन विश्वव्यापी रूपमा देखापरेको यही पर्यावरणीय अवस्थामा रहेर सञ्चालन गरिने भएकोले सूचना-सञ्चार प्रविधिको प्रभावबाट विकास प्रक्रिया पनि अछुतो रहन सक्दैन ।

सूचना-सञ्चार प्रविधि सूचना तथा जानकारीहरूमा पहुँच सिर्जना गर्दै तिनीहरूको भण्डारण, प्रशारण र आवश्यकतानुसार हेरफेर गर्नसक्ने गरी दूरसञ्चारजन्य सेवा र कम्प्युटर प्रविधिलाई एकसाथ संयोजन गरिएको एकीकृत प्रविधि हो । यो सञ्चारका साधन, सञ्चार प्रक्रिया र प्रविधिको संयोजित रूप हो । सूचनाको संलन, प्रशोधन र भण्डारण गर्ने तथा आवश्यकताअनुसार यसको उपयोग गर्न सकिने गरी सूचनालाई सञ्चार प्रविधिसँग संयोजित रूपमा तयार गरिएको एकीकृत सञ्जाल नै सूचना-सञ्चार प्रविधि हो । सूचना-सञ्चार प्रविधि र यसको द्रुतत्तर विकासले एकातिर विकासका एजेण्डाहरूलाई अघि बढाउन अवसरको सिर्जना गरेको छ भने अर्कोतिर विकास गतिविधिहरूलाई सहज तुल्याउन मार्गप्रशस्त समेत गरेको छ । मूलतः विकास प्रक्रियालाई गतिशील, समयसापेक्ष र चुस्त बनाउने प्रभावकारी माध्यमका रूपमा सूचना-सञ्चार प्रविधिको अपरिहार्य भूमिका रहेको छ ।

विकास प्रक्रिया र यसको समग्र व्यवस्थापनमा सूचना-सञ्चार प्रविधिले बहुआयामिक रूपमा भूमिका बहन गरिरहेको पाइन्छ । सूचना-सञ्चार प्रविधि आफैँमा जटिल भौगोलिक अवस्थाका कारण उत्पन्न कठिनाइबाट सृजित विकासका चुनौतीहरूलाई परास्त गर्न सहयोग पु-याउने एउटा सशक्त पूर्वाधार हो । सूचना-सञ्चार प्रविधिको द्रुततर विकासले मुलुकको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापारलगायतका आर्थिक एवं सामाजिक क्षेत्रको दिगो विकास गर्ने अवसरको सिर्जनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । वर्तमानमा गुणस्तरीय रोजगारीको एउटा राम्रो क्षेत्रको रूपमा पनि सूचना-सञ्चार प्रविधि रहेको छ । यसबाट बेरोजगारी समस्या कम गर्न सहयोग पुग्ने, बौद्धिक उद्योगहरूको विकास विस्तार गरी ज्ञानमा आधारित समाजको निर्माणमा सघाउ पुग्ने, विकास व्यवस्थापनलाई सरल, समयानुकूल र व्यवस्थापन योग्य तुल्याउन सहयोग पुग्ने जस्ता प्रत्यक्ष फाइदाहरू रहेका छन् ।

विकास प्रक्रियाबाट हासिल भएका उपलब्धि र तथ्यांकीय विषयहरूलाई सूचनामा परिणत गरी सरोकारवालाहरूसम्म पु-याउन, सम्पादित कामको प्रचारप्रसारद्वारा उपभोक्ताको छनोटको अवसरमा वृद्धि गर्न, सेवाको बजारीकरण गर्नजस्ता पक्षहरूमा सूचना-सञ्चार प्रविधिले गतिलो सहारा दिएको छ । यसैगरी, यो प्रविधिको उपयोगमार्फत विशेषगरी उत्पादनमूलक उद्योगहरूमा समय, श्रम र लागतमा कमी आई उत्पादकत्व अभिवृद्धि हुने अवस्था सिर्जना भएको छ । सूचना-सञ्चार प्रविधिको उपयोगले विकासका साझेदारहरू बीचमा समयसापेक्ष रूपमा सम्पर्क र समन्वय कायम गर्न सहज तुल्याएको छ । वर्तमानमा विकास व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको भूमिका यतिसम्म भइसकेको छ कि सूचना-सञ्चार प्रविधिको प्रयोगविना विकासका एजेन्डाहरूको पहिचानदेखि, योजना तर्जुमा, त्यसको कार्यान्वयन, अनुगमन र प्रभाव मूल्यांकनसम्मका सबै प्रक्रियाहरू अवरूद्ध बन्न पुग्दछन् ।

सूचना तथा सञ्चार प्रविधिको विश्वव्यापी सञ्जाल र पहुँचका कारण विश्वको कुनै पनि कुनामा अभ्यास भएको विकासको सफल मोडेल बाँकी विश्वले सहजै अनुसरण गर्न सक्दछ । अन्तर्राष्ट्रियस्तरमा विकासका सफल नीति, कार्यक्रमहरू र प्रविधिको स्थानान्तरण गर्ने निर्विकल्प माध्यमका रूपमा सूचना-सञ्चार प्रविधि रहेको छ । यसबाट विकास प्रक्रियालाई सान्दर्भिक र कार्यान्वयनशील बनाउन सूचना-सञ्चार प्रविधिले सहजकर्ताको भूमिका निर्वाह गरेको छ । विकास र सूचना-सञ्चार प्रविधिको उचित संयोजनबाट नै देशको सामाजिक एवं आर्थिक विकास, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र सूचना एवं ज्ञानमा आधारित समाजको निर्माण गर्दै शासनलाई विद्युतीय शासन वा ई गभर्नेन्स र सुशासनमा रूपान्तरण गर्न सकिन्छ । सूचना-सञ्चार प्रविधि विकास व्यवस्थापनमा आवश्यक विभिन्न स्रोतसाधनहरूमध्ये आफ्नो परिस्थिति र विकासको आवश्यकतानुसार प्रयोग गर्न सकिने विकास सापेक्ष लचकदार स्रोत पनि हो । अतः विकासलाई सान्र्दभिक रूपमा सहजता प्रदान गर्ने स्रोतको रूपमा पनि यसको भूमिकालाई उल्लेख गर्न सकिन्छ । सूचना-सञ्चार प्रविधिको विकास विस्तारले विकासका लागि चौतर्फी ढोकाहरू खुलेका छन् । विकासको राष्ट्रिय एजेन्डालाई सीमारहित रूपमा अन्तर्राष्ट्रियकरण गर्न सहज भएको छ । फलस्वरूप अन्तर्राष्ट्रिय समुदायबाट विकाशोन्मुख मुलुकहरूमा विकासका लक्ष्यहरू प्राप्त गर्ने दिशामा निरन्तर सहयोग भइरहेको छ । यसबाट सूचना-सञ्चार प्रविधिले आफ्नो सञ्जालमार्फत विकासलाई विश्वव्यापी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसको विकास र उपयोगले विकास योजनाहरूको कार्यान्वयनमा आवश्यक समयावधिलाई चामत्कारिक रूपमा छोट्याएको छ । वर्षौँसम्म लाग्ने कामहरूलाई केही घण्टामै सम्पन्न गर्नसक्ने विकासको व्यवस्थापनको सशक्त हतियारका रूपमा सूचना-सञ्चार प्रविधि रहेको छ ।

सूचना-सञ्चार प्रविधिका केही नकारात्मक पक्षहरू पनि रहेका छन् । यसको पहुँच केही महंगो छ, प्रविधिलाई स्थापित गर्न पर्याप्त पूर्वाधारहरूको जरूरत पर्दछ । यस्तै, सञ्चालनका लागि विशेष ज्ञानको आवश्यकता पर्ने भएकोले तालिम र क्षमता विकास आवश्यक पर्दछ । यसबाट सम्पादन हुने कामहरूमा गोपनीयता कायम गर्न र विश्वसनीयता हासिल गर्न असहज रहने गरेको तथ्य समय समयमा दोहोरिने गरेका घटनाक्रमहरूले पनि देखाउने गर`का छन् । सूचना-सञ्चार प्रविधिको अधिक प्रयोग र अन्धाधुन्ध अनुसरणका कारण देशको मौलिक संस्कृतिमा क्षति पुग्नसक्ने र विकास व्यवस्थापकको सिर्जनशीलता र नवप्रवर्तनमा नकारात्मक असर देखिनसक्ने अवस्था रहन्छ । अत्यधिक उपयोग र निर्भरताका कारण विभिन्न कठिनाइहरू उत्पन्न भएका छन् । तर, यसका नकारात्मक पक्ष र जोखिमलाई न्यूनीकरण गर्दै क्षमता र पूर्वाधार विकासमार्फत यसको प्रयोगलाई बढाउनुको विकल्प भने छैन ।

नेपालको विकास प्रक्रियामा सूचना-सञ्चार प्रविधिको भूमिका केही मात्रामा स्थापित हुँदै गएको देखिए पनि यसको उपयोग र प्रवर्द्धनको अवस्था भने सन्तोष गर्न लायक छैन । यो प्रविधिले सिर्जना गरेको अथाह सम्भावनालाई मुलुकले पर्याप्त मात्रामा दोहन गर्न र विकास प्रक्रियासँग सामन्जस्यता कायम गर्न नसक्दा देशको सामाजिक आर्थिक रूपान्तरणमा यसलाई पर्याप्त मात्रामा उपयोग गर्न सकिएको छैन । देशको जटिल भौगोलिक बनावटका कारण मुलुकका सबै भू-भागमा सूचना-सञ्चार प्रविधिजन्य पूर्वाधारहरूको स्थापना र विकास विस्तारमा कठिनाइ देखिएको छ । सार्वजनिक सेवाका क्षेत्रमा हाल भइरहेको सूचना-सञ्चार प्रविधिको उपयोगको अभ्यासमा पनि बिभिन्न जटिलताहरू देखिएका छन् । एकातिर, सेवाप्रदायकहरूमा व्यावसायिकता र पर्याप्त ज्ञानको कमी रहेको छ भने अर्कोतिर, सेवाग्राहीहरू प्रविधिमैत्री बन्नसकेका छैनन् । सूचना-सञ्चार प्रविधि सम्बद्ध पूर्वाधार र साधनहरूलाई विलासिताका वस्तुका रूपमा लिने नेपाली मानसिकता पनि यस क्षेत्रको विकास विस्तारमा बाधकका रूपमा रहेको छ । विकासका विभिन्न क्षेत्रमा सूचना-सञ्चार प्रविधिको उपयोग र यसले पार्नसक्ने सकारात्मक प्रभावका बारेमा पर्याप्त अध्ययन, अनुसन्धान हुनसकेको छैन । सूचना-सञ्चार प्रविधिको सुरक्षित उपयोग गर्ने र गोपनीयता कायम राख्ने विषय पनि चुनौतीपूर्ण बन्दै गएको छ । सूचना-सञ्चार प्रविधिको बढ्दो उपयोगलाई व्यवस्थित रूपले प्रवर्द्धन गरी यससम्बद्ध अपराधको जोखिमलाई न्यूनीकरण गर्न एवं सोबाट आउनसक्ने विकृतिहरू नियन्त्रण गर्न प्रभावकारी नियमनको खाँचो रहेको छ । सूचना-सञ्चार प्रविधिको

*बाँकी पृष्ठ ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# सामाजिक सञ्जालको प्रयोग र किशोरकिशोरी

किशोरावस्थामा चञ्चल उमेरमा मनमा धेरैथरी कुरा खेल्छन् । के राम्रो के नराम्रो भनेर किशोरकिशोरीहरूले छुट्याउन सक्दैनन् । यस्तो बेला उनीहरूको दिमागमा खेलिरहेका कुरा र दैनिक क्रियाकलापलाई बुझ्नुपर्ने मनोविद् श्रेया गिरी बताउँछिन् । उनीहरूका कुरा राम्ररी बुझिदिएर सोही अनुसार सुझाव, सल्लाह दिन सके जीवन गुणस्तरीय बाटोतर्फ लैजान सकिने उनी बताउँछिन् ।

सामान्यतः बच्चाहरू स्कुलपछि कहाँ जान्छन् ? कोसँग घुम्न जान्छन् ? त्यतिमा मात्र सीमित नराखी उनीहरूले सामाजिक सञ्जाल कसरी चलाउँछन् भन्ने कुरामा पनि अभिभावकले ध्यान दिन जरूरी छ । यी कुरामा ध्यान नदिएको खण्डमा उनीहरू 'साइबर बुलिङ'मा पर्न सक्छन् ।

अहिलेका किशोरकिशोरीमा साझा रूपमा साइबर सेक्युरिटी र साइबर बुलिङजस्ता सम्बन्धित मनोवैज्ञानिक समस्या देखिरहेको छ । 'फेक प्रोफाइल बनाएर अवोध किशोरी वा किशोरलाई प्रेमजालमा पार्ने, त्यसपछि उनीहरूको नाजायज फाइदा उठाउने र धम्काउने, गोप्य गरिएको म्यासेज फैलाइदिने, अरूको फेक प्रोफाइल बनाउँदै अनेक किसिमका कुरा गर्दै वास्तविक व्यक्तिको छवि बिगारिदिने जस्ता समस्या यसमा पर्छन्,' मनोविद् गिरी भन्छिन् ।

एक उदाहरण प्रस्तुत गर्दै उनी भन्छिन्, 'स्कुलमा दुई जनाबीच प्रेम सम्बन्ध चल्यो । पछि ब्रेकअप भएपछि त्यो जोडीमध्ये एकले बदला लिने हिसाबले एकअर्कालाई फेसबुकमा पठाएको गोप्य म्यासेजहरू आवेशमा आएर लिक गरिदियो । त्यो भाइरल हुँदै जाँदा सम्बन्धित व्यक्ति पीडित वा पीडक बन्न पुग्छन् । यस्ता धेरै केसहरू मैले देखेको छु । यो उमेरमा आवेशमा आउँदा सही गलत नसोची यस्ता कार्य भइरहेका छन् ।'

यस्ता समस्या भोगिरहेका किशोर किशोरी न अरूलाई भन्न सक्छन्, न यसविरूद्ध लड्न नै सक्छन् । परिणाम स्वरूप उनीहरू धेरै तनाव लिइरहने, रिस बढी उठ्ने, अरू कसैलाई भएको छैन मलाई मात्र भयो भन्ने तनाव हुने, एक्लोपन, धेरै सोच्ने र निन्द्रा नलाग्ने, अरूप्रतिको विश्वास नहुन सक्ने समस्या देखिन्छ ।

'पहिलाको जति काम गर्न नसक्ने, आत्मविश्वासमा कमी आउने, जिन्दगी देखेरै दिक्क लाग्ने पनि हुन सक्छ,' गिरी भन्छिन्, 'त्यसबाहेक आफूलाई भएको समस्या पोख्दा झनै नसुनिदिने हो वा झनै बेइज्जत गरिदिने हो भन्ने त्रास पनि मनभित्रै गुम्साउनेसम्म हुन सक्छ ।' यस्तो समस्यालाई मनभित्रै गुम्साउँदा एन्जाइटी र डिप्रेसन जस्ता मनोरोग निम्तिन सक्ने उनी बताउँछिन् ।

साइबर बुलिङबाट प्रभावित किशोर किशोरीहरू कहाँ जाने त भन्ने कुरामा नै अनभिज्ञ हुन सक्छन् । यो समस्या बढ्दै गयो र समयमै पहिचान हुन सकेन भने आफ्नो प्राणलाई नै जोखिम पुऱ्याउन सक्ने उनी बताउँछिन् ।

## सामाजिक सञ्जाल प्रयोगमा सावधानी

हिजोआज बच्चालाई फकाउन सानो उमेरदेखि नै मोबाइल दिने गरिन्छ । मोबाइलबाट उनीहरूले धेरै किसिमका सामग्री हेर्न थाल्छन् । राम्रो नराम्रो जुनसुकै विषय उनीहरूले चाख दिएर हेर्न थाल्छन् ।

मनोविद् गिरी भन्छिन्, 'मोबाइल दिंदा कति समय चलाउने, के हेर्ने र के नहेर्ने हुँदैन भन्ने जस्ता कुरा सिकाइएको हुँदैन । जसले गर्दा चेतनशील न भइसकेका उनीहरू दुरूपयोग गर्न पनि सक्छन् ।'

१५ वर्षमाथिका किशोरकिशोरी साइबर बुलिङको सिकार हुन सक्ने सम्भावना बढी हुन्छ । कोसँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरा थाहा नहुँदा उनीहरू यस्ता समस्यामा पर्न सक्ने सम्भावना उच्च हुने मनोविद् गिरी बताउँछिन् ।

किशोरावस्थामा पुग्ने बित्तिकै अहिले सबैका हातहातमा मोबाइल हुन्छ । यो जिज्ञासु उमेरमा उनीहरूलाई फेसबुक, इन्स्ट्राग्राम, स्न्याप च्याट, ह्वाट्स एप जस्ता माध्यममा हुने परिचित र अपरिचित व्यक्तिसँगको कुराकानी पनि नौलो र रमाइलो लाग्छ ।

'अपरिचित व्यक्तिले कुन नियतले बोलिरहेको छ भन्ने कुराको पनि हेक्का नहुन सक्छ । जसले पछि गएर उनीहरू फस्न सक्ने जस्ता अप्रिय घटना सुन्दै र देख्दै आएका छौं । धेरैभन्दा धेरै समय उनीहरू त्यसमै बिताउँछन् । त्यही क्रममा कसैले मीठो बोलेको मन पर्न सक्छ,' गिरी भन्छिन्, 'बोल्दा बोल्दै उसले फसाउन पनि धेरै कुराको माग गर्न सक्छ । जायज नै ठानेर मागेको कुरा पनि उनीहरूले दिंदा फस्न सक्छन् ।'

त्यसैले आफ्ना सन्तानले के हेर्छन्, के गरिरहेका छन् भन्ने कुरामा अभिभावकले ध्यान दिन आवश्यक रहेको उनी बताउँछिन् ।

## 'सचेत बन्दा बच्न सकिन्छ'

सामाजिक सञ्जाल चलाउँदा किशोरकिशोरीहरू आफैं पनि सचेत हुन जरूरी रहेको गिरी बताउँछिन् । 'कतिपय केसहरू यस्ता पनि हुन्छन् सामाजिक सञ्जालमार्फत कोही जोडिन आयो र उसले भेट्न प्रस्ताव राख्यो वा प्रेम प्रस्ताव राख्यो तर अर्को व्यक्तिलाई त्यो स्वीकार्य छैन भने अस्वीकार गर्न सकिन्छ,' उनी सुझाउँछिन् ।

अस्वीकार गरेको खण्डमा उसलाई जबर्जस्ती बोल्न लगाउने, धम्की दिन थाल्यो भने सहेर बस्ने भन्दा घरमा कुरा गर्न सकिने उनी बताउँछिन् ।

## 'सचेतना घरबाट नै सिकाउन आवश्यक'

साइबर बुलिङ जस्ता समस्याबाट जोगिन परिवारबाट नै सचेतना बढाउनुपर्ने गिरी बताउँछिन् । उनका अनुसार परिवारबाट नै सामाजिक सञ्जालको प्रयोगबारे चेतना दिनु जरूरी छ । त्यसपछि सिक्ने भने स्कुलबाट नै हो । स्कुलले पनि यसको लागि कुन छुवाई सकारात्मक, कुन नकारात्मक हुन सक्छ ।

'कस्तो सामाजिक सञ्जालको विषयवस्तु राम्रो र कुन नराम्रो भन्ने जस्ता खालको पाठ सिकाउन आवश्यक छ । ताकि उनीहरू पहिला नै त्यसबारे सचेत हुन् । यो साइबर बुलिङ, दुर्व्यवहारबारे सचेतना फैलाउने किसिमको कार्यक्रम सरकारले नै ल्याउनुपर्छ,' गिरी भन्छिन् ।

## हुर्किंदै गरेका सन्तानको क्रियाकलापमा ध्यान दिने

आफ्नो सन्तानले पहिलाको भन्दा फरक व्यवहार देखाएको छ भने उनीहरू समय बिताउने, सहज बातावरण बनाएर उनीहरूको समस्या सुन्ने, हौसला दिने र हरेक पाइलामा साथ छौं आफूलाई बलियो बनाउनुपर्छ भनेर सम्झाउन सकियो भने उनीहरू खुलेर आफ्नो समस्या राख्न सक्छन् । जसले राम्रो र नराम्रो पक्ष बुझ्न उनीहरूलाई सहज हुन जान्छ ।

'उनीहरूले केही समस्या सुनाइरहेको छ भने त्यो सबैलाई हुने कुरा हो भनेर हल्काले लिएर गम्भीरतापूर्वक नलिएको खण्डमा उनीहरूले पछि सबै कुरा नखोल्न पनि सक्छन्,' उनी भन्छिन्, 'उनीहरूलाई सानोदेखि नै उनीहरूसँग बस्ने के भइरहेको छ, केही समस्या छ भने सुन्दिन्छौं । भनेर भन्नुपर्छ । यसले गर्दा उनीहरूले आफ्नो समस्या भन्न सक्छन् ।'

*- मनिषा थापा*

## *विकासमा सूचना-सञ्चार ... .. .*

व्यापक उपयोगको मार्गप्रशस्त गरी यसबाट सिर्जित लाभहरूलाई विकास प्रक्रियामा अझ प्रभावकारी रूपमा समाहित गर्न आवश्यक छ । सूचना प्रविधिजन्य अपराधहरूको नियन्त्रणका लागि मजबुत कानुनी र संस्थागत प्रबन्धसहित दुरूपयोग र यसका नकारात्मक पक्षहरूको न्यूनीकरणका लागि प्रभावकारी नियमन व्यवस्था कायम गर्ने, यससम्बद्ध साधनहरूलाई विलासिताका साधनका रूपमा लिने नेपाली मानसिकतामा परिवर्तन ल्याउन पनि उत्तिकै आवश्यक छ । सूचना-सञ्चार प्रविधि सम्बद्ध पूर्वाधारहरूको पर्याप्त व्यवस्था गर्ने र भएका पूर्वाधारहरूको मर्मतसम्भार, संरक्षण र अधिकतम उपयोगमा जोड दिने, सूचना-सञ्चार प्रविधिका क्षेत्रमा आवश्यक पर्ने गुणस्तरीय र दक्ष जनशक्ति उत्पादनका लागि यससम्बन्धी प्राविधिक शिक्षामा जोड दिने र देशको विकासका प्राथमिकताप्राप्त क्षेत्रहरूमा यसलाई जोड्न आवश्यक छ ।

सार्वजनिक सेवाहरूको प्रवाहमा प्रभावकारिता हासिल गरी सेवाग्राहीहरूको पहुँचलाई सहज तुल्याई सुशासन कायम गर्न सूचना-सञ्चार प्रविधिको उपयोगलाई बढाउनुको विकल्प छैन । सार्वजनिक तथा निजी क्षेत्र दुवैको कार्य क्षमतामा अभिवृद्धि गर्न सूचना प्रविधिको महत्तम उपयोग अपरिहार्य भइसकेको छ । खुला बजार अर्थतन्त्रले निम्त्याएको प्रतिस्पर्धात्मकतालाई सामना गर्न पनि विकासप्रक्रियालगायत सार्वजनिक सेवाका क्षेत्रमा सूचना-सञ्चार प्रविधिको प्रयोग सशक्त माध्यम हुन सक्दछ । यो स्थितिमा हरतरहले सूचना-सञ्चार प्रविधिको विकास विस्तार र चौतर्फी उपयोगद्वारा सार्वजनिक सेवा तथा आर्थिक-सामाजिक विकास गतिविधिहरूमा डिजिटल नेपालको अवधारणा साकार तुल्याउन अपरिहार्य देखिन्छ ।

अहिलेको विश्वमा देशको विकासको स्तर र सूचना-सञ्चार प्रविधिको विकासको अवस्थाबीच सोझो र प्रत्यक्ष सम्बन्ध रहने गर्दछ । सूचना-सञ्चार प्रविधिको विकासमा फड्को मारेका देशहरू नै समग्र विकासमा अगुवा रहेका छन् । यो स्थितिमा सूचना-सञ्चार प्रविधिमा सहज पहुँच स्थापित गरी यसबाट सिर्जित लाभहरू अत्यधिकरूपमा हासिल गर्नतर्फ विकासका संवाहकहरूको ध्यान केन्द्रित हुन जरूरी छ । अर्कोतर्फ, यस क्षेत्रको विकासका क्रममा देखा परिरहेका नयाँ-नयाँ समस्या र नकारात्मक पाटाहरूलाई न्यूनीकरण गर्दै मुलुकी विकासका सर्वाङ्गीण क्षेत्रहरूमा यसको उपयोग गरिन पनि उत्तिकै आवश्यक छ । देशको समग्र क्षेत्रको विकासका लागि अपरिहार्य शक्तिको भूमिका वहन गर्नसक्ने सबल संशोधन भएकोले सूचना-सञ्चार प्रविधिको समयानुकूल, सही, व्यापक एवं प्रभावकारी उपयोगद्वारा नै सुखी नेपाली, समृद्ध नेपालको राष्ट्रिय लक्ष्य हासिल गर्न सकिन्छ ।

*-इमेल प्राप्त*






# भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन मकवानपुको बागमतीमा जग्गा नापी शुरू

◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिकामा ४ पुसबाट पुनः जग्गा नापी कार्य सुरू गरिएको छ। वडा नम्बर २ मा बाँकी रहेका जग्गाबाट नापी कार्य सुरू गरिएको हो। पालिकाले भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने हेतुले झण्डै तीनवर्षअघिदेखि जग्गा नापीको कार्य चलिरहेको छ। तर, स्थानीय निर्वाचन र प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनले रोकिएको नापी कार्यले निरन्तरता पाएको हो।

गाउँपालिका अध्यक्ष सर्केश घलानका अनुसार वडा नम्बर ३, ४, ५ र ६ नम्बर वडाको नापी सकिएको र १, २, ७, ८ र ९ नम्बर वडाको नापी गर्न बाँकी रहेकाले त्यसलाई निरन्तरता दिइएको हो। पालिकाभरी चार हजार नागरिक भूमिहिन सुकुम्बासी रहेका छन्। त्यसमध्ये जम्मा ३ जनाले लालपुर्जा प्राप्त गरेका छन्।



अव्यवस्थित बसोबास बढ्दै गएपछि तीनको व्यवस्थापन गर्न पालिकाले जग्गा नापी कार्यलाई अगाडी बढाएको हो।

यसैबीच, बागमती प्रदेशसभा सदस्य प्रेम बहादुर पुलामी (छिन्तु) ले नापी कार्यको अनुगमन गरेका छन्। निर्वाचनका समय अव्यवस्थित बसोबास रहेका नागरिकलाई व्यवस्थित बनाउन लालपुर्जा दिने बचन अनुसार नापी कार्यलाई छिटो-छरितो पार्न प्राविधिक टोलीलाई निर्देशनसहित अनुगमन गरेका हुन्। अनुगमनका क्रममा माओवादी बागमती प्रदेश सदस्यहरू जीवन गोले र विवेक राई लगायत सहभागी थिए।

# उपमहानगरको कार्यपालिका बैठकद्वारा दुई विधेयक स्वीकृत




◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठकले दुईवटा विधेयक स्वीकृत गरेको छ। ८ पुसमा बसेको उपमहानगरको कार्यपालिका बैठकले हेटौंडा उपमहानगरपालिकाको जनस्वास्थ्य सेवा विधेयक, २०७९ र हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठान विधेयक, २०७९ स्वीकृत गरेको हो। उपमहानगरका प्रवक्ता सविन न्यौपानेका अनुसार जनस्वास्थ्य सेवा विधेयकले उपमहानगरअन्तर्गत बन्ने अस्पताल तथा स्वास्थ्य संस्थाको सेवालाई प्रभावकारी बनाई समस्याहरू समाधान गर्ने र प्रतिष्ठान विधेयकले प्रज्ञा प्रतिष्ठान स्थापना गरि भाषा, संस्कृति तथा कलाको क्षेत्रमा काम गर्ने जानकारी दिए।

त्यस्तै हेटौंडा उपमहानगरपालिका बालबालिका सम्बन्धी ऐन, २०७७ को पहिलो संशोधन विधेयक २०७९, नगर शिक्षा ऐन, २०७४ पहिलो संशोधन विधेयक २०७९, खेलकुद विकास ऐन, २०७७ को पहिलो संशोधन विधेयक २०७९ कार्यपालिका बैठकमा स्वीकृत गरेको छ। बैठकले हेटौंडा उपमहा नगरपालिका नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि पनि स्वीकृत गरेको प्रवक्ता न्यौपानेले जानकारी दिए। स्वीकृत विधेयक, ऐन तथा कार्यविधि आगामी पुस १४ गते हुने नगरसभामा पारितको लागि पेश गरिनेछ।

प्रवक्ता न्यौपानेको अनुसार ४ मंसिरमा सम्पन्न निर्वाचनको मतगणना गर्ने क्रममा हेटौंडा-२ स्थित सिद्वार्थ माविमा भएको टुटफुट, मर्मत र रंगरोगन गरेवापत एक लाख ३२ हजार ८ सय ४८ रूपैयाँ खर्च भुक्तानी गर्ने निर्णय पनि कार्यपालिका बैठकले गरेको छ।

बैठकले हेटौंडा उपमहानगर पालिकाकी मेयर मीना कुमारी लामा नेपाल नगरपालिका संघको सहकोषाध्यक्ष पदमा चयन भएकोमा बधाई ज्ञापन गर्ने निर्णय गरेको छ।

# ओखरबजारमा थाहा कृषि सहकारी खुल्यो



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १ ओखरबजारमा कार्यालय रहने गरी थाहा कृषि सहकारी संस्था लिमिटेडको कार्यालय औपचारिक उद्घाटन गरिएको छ। एक समारोहकाबीच ५ पुसमा थाहा कृषि सहकारीको १ नम्बर अध्यक्ष हेरमान गोपालीले उद्घाटन गरे।

सहकारीका तदर्थ समितिको अध्यक्ष जितेन्द्र मगरको अध्यक्षतामा भएको उद्घाटन समारोहमा वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, वडा नम्बर २ का सदस्य युवराज बिष्ट, थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधान, फरक सोचका अध्यक्ष यादवजंग रायमाझी, नेपाली काँग्रेस थाहानगर ४ नम्बर वडा सभापति श्रीकृष्ण केसी, युवा संघ थाहानगरका सिदार्थ केसी, प्रेस सेन्टर थाहानगर अध्यक्ष शम्भु अधिकारी, सिद्धकाली सामुदायिक बन उपभोक्ता समिती थाहा ४ का अध्यक्ष अच्युत खत्रीलगायतका उपस्थिती रहेको थियो।

कार्यक्रममा अतिथीहरूले संस्थाको सफलताको शुभकामना दिए। थाहानगर भरी कार्य क्षेत्र रहने गरी नगरपालिकामा दर्ता भएको थाहा कृषि सहकारीले कृषि, कृषकसंग बचत तथा ऋणको कारोबार, सीप विकास र रेमिट समेतको कार्य गर्ने तदर्श समिति अध्यक्ष मगरले जानकारी दिए। ३१ सदस्यसहित स्थापना भएको सहकारीको कुल शेयर पुँजी ९ लाख ३० हजार रहेको छ। संस्थाले तत्काल कारोबार संचालन गर्ने सहकारीका केशव सुनारले जानकारी दिए।

# २५ विद्यार्थीलाई छात्रवृत्ति

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ३ ले आफ्नो वडा भित्रका सामुदायिक विद्यालयमा अध्यनरत २५ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरेको छ। विकास घर शिखरकोटमा ७ पुसमा एक कार्यक्रमको आयोजना गरी थाहा नगरपालिकाको प्रमुख विष्णु बहादुर विष्टले छात्रवृत्ति वितरण गरेका हुन्। वडा कार्यालयको तर्फबाट वडा नम्बर ३ का सेती गणेश आधारभूत विद्यालयका ६ जना, जनता प्राविका ६ जना, जनकल्याण माविका ११ जना र पालुङ बहुमुखी क्याम्पसमा अध्यनरत २ जना विद्यार्थीलाई शैक्षिक सामाग्री सहित छात्रवृत्ति प्रदान गरियको हो।

छात्रवृत्ति अन्तर्गत पालुङ बहुमुखी क्याम्पसमा अध्यनरतको लागि भर्ना शुल्कसहित मासिक शुल्क प्रदान गरिएको थियो भने जनकल्याण माविमा ११ र १२ मा अध्यनरतको लागि कोट पाइन्टसहित अन्य शैक्षिक सामाग्री तथा अन्य विद्यार्थीहरूलाई विद्यालय पोसाक, जुत्ता, स्वीटरसहित अन्य शैक्षिक सामाग्री उपलब्ध गराइएको वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझीले जानकारी दिए। अध्यक्ष रायमाझीले दिदै छात्रवृत्ति पाएका विद्यार्थीहरूको अनुगमन समेत हुने बताए।

छात्रवृत्ति हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि तथा नगर प्रमुख विष्टले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि व्यापक पहलको आवश्यकता औल्याए।

# सार्वजानिक कार्यक्रममै महिलामाथी कुटपिट



◆ विकास संवाददाता

थाहा नगरपालिका ११ टिस्टुङको एक सार्वजानिक कार्यक्रममै महिलामाथी कुटपिट भएको छ। टिस्टुङ स्थित बागेश्वरी माध्यमिक विद्यालयको व्यवस्थापन समिति पुर्नगठनका लागि भएको छलफलका क्रममा कुटपिट भएको भन्दै स्थानीय नानीमैया दोङले प्रहरीमा उजुरी दिएकी छिन्।

पीडितका अनुसार स्थानीय युवर ाज गोलेले सार्वजनिक स्थानमै लात्तीले हिर्काएको महिलाले प्रहरीमा दएको निवेदनमा किटानी गरेकी छन्। सार्वजनिक स्थानमा कुटपिट एवं दुर्व्यवहार हुँदासमेत उपस्थित अन्य अभिभावक तथा बुद्धिजिवीव मुकदर्शक मात्र बनेको पीडितले बताइन्।

थाहा नगरपालिका वडा ११ का अध्यक्ष दिनेश बलले मेलमिलापको प्रयास गरेको भए पछि दोषिलाई कारबाहीका लागि बाध्य भएर न्यायकालागि ईलाका प्रहरी कार्यालय पालुङमा उजुरी दिएको उनले बताएकी छन्।



# 'रासायनिक मलको विकल्प अर्ग्यानिक खेती थाहाबाटै थालौं' सांसद बर्तौंला



◆ विकास संवाददाता

मकवानपुर प्रतिनिधि सभाका नव निर्वाचित सांसद महेश कुमार बर्तौंलाले रासायनिक मलको बिकल्प सोच्ने समय आएको बताएका छन । ९ पुसमा थाहा नगरपालिकाको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.को २४ औं स्थापना दिवस कार्यक्रमलाई सम्बोधन गर्दै बर्तौंलाले यस्तो बताएका हुन । सांसद बर्तौंलाले नेपालमा तत्काल रासायनिक मलको उत्पादन सम्भव नभए विकल्पको रूपमा अब प्रविधिमैत्री रूपमा जैविक मल उत्पादन गरि देशलाई अर्ग्यानिक खेतितर्फ लैजानू नै उत्तम बिकल्प रहेको बताए । बर्तौंलाले भने "नेपालको खेतीयोग्य जमिनको माटोको उर्वराशक्ती रासायनिक मल र अनेकथरीका विषादिले खाइसकेकोले माटोको उर्वरासक्तिलाई बचाउनको निम्ति पनि रासायनिक मल बिस्तारै विस्थापन गर्नु पर्छ" यो अभियान बेमौसमी तरकारी खेतिको लागि प्रसिद्ध स्थान थाहा नगरपालिकाले सुरू गर्नु पर्ने बताउदै त्यस्का लागि चाहिने ऐन कानुन बनाउन आफुले रोस्ट्रूमबाट आवाज बुलन्द पार्ने उल्लेख गरे ।

सांसद बर्तौंलाले संस्थाको स्थापना दिवसको उपलक्ष्यमा शुभकामना दिदै मकवानपुरको किसानको तर्फबाट सर कारको कानमा पुग्नेगरी आवाज उठाउने बताउदै सहकारी भनेको जनतालाई सामाजिक तथा आर्थिक उत्पीडन हुनबाट मुक्त गर्ने संस्था रहेको बताउदै सामाजिक उत्तरदायित्वमा अझै थप उत्तरदायी हुन शुभकामना समेत दिए । उनले विश्व अर्थतन्त्रको नमुना र नेपालको अर्थनीतिको एक खम्बा सहकारी भएकोले जनताको उत्पादन क्षेत्रसंग जोडिन आग्रह गर्दै सहकारीसंग जोडिएको नीति, नियम, कानुन निर्माण गर्न सल्लाह र सुझावको अपेक्षा राख्दै जनताबाट आएका सुझावलाई संसद भवनमा बुलन्द पारी सरकार समक्ष पुर्याउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

त्यसैगरी विशिष्ट अतिथी थाहा नगरपालिकाका प्रमुख विष्णु विष्टले सहकारीको संख्या वृद्धि गर्नुभन्दा सहकारी सहकारीबीच एकिकरण गरी राम्रो सहकारी बनाएर सेवा प्रदान गर्न आवश्यक रहेको बताए । विष्टले सहकारीलाई राज्यले समेत महत्वपुर्ण रूपमा लिएका हुँदा यसलाई सकारात्मक ढंगले सबैले सहयोग गर्नुपर्ने जोड दिए । संस्थाका अध्यक्ष उमेश ढकालको अध्यक्षतामा सम्पन्न स्थापना दिवस कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, थाहा १ का अध्यक्ष हेरमान गोपाली, ३ का अध्यक्ष हिरेन्द्र रायमाझी संस्थापक अध्यक्ष बिष्णुहरी ढकाल जंगली, निवर्तमान अध्यक्ष पुरूषोत्तम कार्की, पुर्व अध्यक्ष बिमलकुमार ढकाल, सिए तथा नेपाल ब्रोकर एशोसियसनका उपाध्यक्ष धर्मनाथ चापागाई, हेटौंडा सेवा केन्द्रका संयोजक बिष्णु प्रसाद ढकाल, ईलाका प्रहरी कार्यालयका प्रमुख दुर्गा खनाल, थाहानगर उद्योग बाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पुरूषोत्तम ढकाल, महासचिव सुरेन्द्रमान प्रधानलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, पुर्व संचालक समितिका पदाधिकारी, सेयर सदस्यहरूको उल्लेख्य सहभागीता रहेको थियो॥

## स्वास्थ्य स्वयंसेविकालाई आयुर्वेद उपचार सम्बन्धी सचेतना

**थाहानगर/**थाहा नगरपालिका भित्र रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई आयुर्वेद सम्बन्धि जानकारी तथा सचेतनामुलक कार्यक्रम भएको छ । मकवानपुर जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र हेटौंडाको आयोजना तथा थाहानगर स्वास्थ्य शाखाको समन्वयमा विकास घर शिखरकोटमा कार्यक्रम भएको हो ।

कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविका मार्फत समुदायमा आयुर्वेद चिकित्सा पद्दती सम्बन्धि जानकारी दिन तथा आयुर्वेद औषधी प्रयोग र उपचार का सम्बन्धमा सचेतनामुलक कार्यक्रम संचालन गरिएको हो । सो अवसरमा जिल्ला आयुर्वेदबाट दिइने स्वास्थ्य सेवा, सुबिधाहरूको बारेमा समुदायमा जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जिल्ला आयुर्वेद हेटौंडाका वरिष्ठ कविराज तथा सुचना अधिकारी अशोक कुमार झाले बताए ।

# दिव्यतारा बहुद्देश्यीय थाहानगर सेवा केन्द्रको नाफा ४६ लाख

◆ विकास संवाददाता



दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको थाहानगर सेवा केन्द्रको चौथो साधारणसभा भएको छ । शिखर कोटको शंकर होटमा भएको कार्यक्रममा थाहानगर प्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यता रहेको थियो ।

साधारणसभामा पालुङ सेवा केन्द्रको इकाई संयोजक भरत गोपालीले सहकारीको थाहा सेवा केन्द्रको नाफा ४६ लाख ३६ हजार रूपैयाँ खुद नाफा सहितको आयव्यय प्रस्तुत गरे । गोपालीले प्रतिवेदन प्रस्तुत गर्दै ७ सय २७ सदस्य रहेको सेवा केन्द्रको शेयर रकम ३७ लाख ७४ हजार, बचत ८० लाख ४५ हजार र कर्जा लगानी ५ करोड ६२ लाख रहेको जानकारी गराए । उनले सहकारीलाई अहिलेको अवस्थासम्म पुग्नका लागि सहयोग गर्ने तथा शुभेच्छा राख्नेहरूलाई धन्यवाद दिए ।

साधारणसभामा अतिथिहरूले संस्थाको बित्तीय प्रगतिको मुल्यांकन उच्च रहेकोले आगामी दिनमा संस्थाको प्रगतिको कामना गर्दै साधारणसभाको सफलताको शुभकामना दिएका थिए । साधारणसभाको उपलक्ष्यमा संस्थामा उत्कृष्ट कारोवार गर्ने सदस्यहरूलाई सम्मान गरिएको थियो । सम्मानित हुनेमा उत्कृष्ट बाल बचत तर्फ कृशल तामाङ, उत्कृष्ट शेयर सदस्य भिम बहादुर भोम्जन तथा मासिक बचत तर्फ उत्कृष्ट हुने सीतादेवी गमाललाई सम्मानित गर्दै प्रमुख अतिथि नगर प्रमुख विष्टले सम्मानपत्र दिएका थिए ।

साधारणसभामा संचालक समितिका प्रतिनिधित्व गर्दै मुख्य कार्यालय हेटौंडाबाट ईश्वर पंडित, थाहा नगरपालिका वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष उमेश ढकाल, कृषि बिकास बैंकका सरद विडारी, महालक्ष्मी विकास बैंकका नितेस पाण्डे, शिखर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष मधुसूदन विष्ट, पालुङ क्याम्पसका प्रमुख राजन मिश्र, लालीगुरास बहुउद्देश्यीयका नानिछोरी प्रधान, थाहानगर उद्योग बाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पुरूषोत्तम ढकाल, महासचिव सुरेन्द्रमान प्रधान, दामन चेली समाजका अध्यक्ष जयन्ती रायमाझी, फरक सोचका अध्यक्ष यादव र ायमाझीलगायतका वित्तीय संस्था तथा संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको संस्थाको थाहा नगर सेवा केन्द्रको संयोजक भरत गोपालीको अध्यक्षतामा सम्पन्न साधारणसभामा संस्थाका सदस्य प्रमोदकृष्ण जोशीले संचालन गरेका थिए । अतिथीहरूलाई संस्थाका व्यवस्थापक राममाया खत्रीले स्वागत गरिन् ।

# स्थापना दिवसः ४५ जनाले गरे रक्तदान, सुत्केरी र ज्येष्ठ नागरिक सम्मानित

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आफ्नो २४ औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम गरेको छ । सहकारी संस्थाले आफ्नै कार्यालय परिसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ४५ जनाले रक्तदान गरेका छन् । रक्त सञ्चार केन्द्र हेटौंडाको प्राबिधिक सहयोगमा कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा स्थानीय सघं/सस्था तथा सहकारीका सदस्यहरूले रक्तदान गरेका थिए । हरेक वर्ष स्थापना दिनमा सस्थाले रक्तदान कार्यक्रम गर्दै आएको संस्थाले जनाएको छ । सहकारीले स्थापना दिवसकै अवसरमा सुत्केरी सम्मान तथा वृद्धवृद्धालाई पनि सम्मान गरेको छ । सुत्केरी सम्मानमा दिपिका केसी, रोजिना बिष्ट, सविना रिमाल भण्डारी, पुजा रिमालले न्यानो झोला पाएका छन । संस्थाले हरेक वर्षको अघिल्लो वर्षको पुस ८ देखि हालको वर्षको पुस ८ गतेसम्म सुत्केरी भै पहिलो सन्तान जन्माएका आफ्ना सदस्यलाई सम्मान गर्दै आइरहेको छ ।



त्यसैगरी वृद्ध सम्मानमा मेन कुमारी ढकाल, रीताकुमारी मल्ल, भगवती अधिकारी, पेम्बा लामा, ज्ञान बहादुर गोपाली, राम बहादुर कार्की, मैया अधिकारी, गिरम लामा, फुलमाया गोपाली, शिवकुमार अर्याल, प्रेमकृष्ण श्रेष्ठ, ठुलीकान्छी बिडारी, लक्ष्मी कुमारी गमाल, कृष्ण सिं ठकुरी, कमला कार्की, सीताराम कार्की र गोपीमाया खत्रीलाई सम्मान गरेको छ । सो क्रममा संस्थाका पुर्व कर्मचारी सुरक्षा गार्ड केदार बिष्टलाई पनि प्रमुख अतिथि मकवानपुर प्रतिनिधि सभा क्षेत्र नम्बर २ का सांसद महेशकुमार बर्तौंलाले सम्मान गरेका थिए ।

सम्मानित हुनेलाई संस्थाले स्थापना दिवसको अवसर पारेर पुर्व संचालक समितिका पदाधिकारी तथा सदस्यहरूलाई धन्यवाद व्यक्त गर्दै मायाको चिनो प्रदान गरियको थियो भने नवनिर्वाचित कार्यसमिति सदस्यहरूलाई संस्थाका कर्मचारीहरूको तर्फबाट स्वागत गरियको थियो ।

स्थापना दिवसकै अवसर पारेर संस्थाले पाण्डुकेश्वर क्षेत्र विकास समिती थाहा २ लाई एक थान कम्प्युटर सहयोग गरेको छ ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# हेटौंडा सिमेन्ट उद्योगको पुनः उत्पादन सुरु



◆ विकास संवाददाता

करिब एक महिनाअघिदेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले ८ पुसदेखि पुनः उत्पादन सुरु गरिएको छ । गत मंसिरको पहिलो हप्ताबाट सिमेन्ट उत्पादन गर्ने क्रममा आगो बाल्ने भट्टीमा प्रयोग हुने प्रि फिल्टर फ्यान, विद्युतीय मोटर लगायत केही उपकरण बिग्रिएर उत्पादन बन्द गर्नुपरेको सो उद्योगले जनाएको छ। विद्युतीय उपकरणको पाटपुर्जा बाहिर बाट खरिद ल्याई जडान गरिएको र सो उद्योगमा रहेको केही उपकरणको पनि मर्मतसम्हार पूरा गरी सिमेन्ट उत्पादनलाई बिहीबारदेखि सञ्चालनमा ल्याइएको हेटौंडा सिमेन्ट उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिए ।

नेपाल सरकारद्वारा २०३२ सालमा स्थापना गरिएको हेटौंडा सिमेन्ट उद्योगले २०४३ मंसिरदेखि व्यावसायिक रूपमा उत्पादन सुरु गर्दैआएको थियो । सो उद्योगमा अहिले दैनिक १२ हजारदेखि १६ हजार बोरासम्म सिमेन्ट उत्पादन गर्ने गरिएको छ। हेटौंडा सिमेन्ट उद्योगको परिसरभित्र सो उद्योगले केही वर्ष अगाडि स्थापना गरी सञ्चालनमा ल्याइएको सिमेन्टको धुलो नियन्त्रण गर्ने उपकर णबाट केही महिनाअघिदेखि हेटौंडा नगर क्षेत्रभित्र सिमेन्टको धुलो सर्वसाधारणको घर, गोठ र खेतबारीमा पस्ने गरेको गुनासो थियो ।

धुलो बाहिर निस्किने प्रक्रियालाई नियन्त्रण गरिएको हेटौंडा सिमेन्ट उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले बताए । सो उद्योगबाट उत्पादित गुणस्तरीय सिमेन्ट हेटौंडालगायत काठमाडौं, पोखरा, भैरहवा, धनगढी, नेपालगञ्ज, विराटनगरलगायत सहरमा बिक्रिवितरण भइरहेको उनले बताए ।

# हेटौंडाको बाँसघारीमा मानव र पशु स्वास्थ्य शिविर

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१५ चिप्लेटी बाँसघारीमा बसोबास गर्ने नागरिक र पशु चौपायाको स्वास्थ्यमा स्थानीय सरकारले ध्यान दिइरहेको छ । बारा जिल्लाको अमलेखगन्ज भएर पुग्नुपर्ने यस क्षेत्रमा पहिले शहरी स्वास्थ्य केन्द्र स्थापना गरेसंगै अहिले भने पशु चौपायाहरुको स्वास्थ्यमा ध्यान दिदै हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१५ को कार्यालयको आयोजनामा पशु स्वास्थ्य शिविर गरिएको छ ।

हेटौंडा उपमहानगरपालिकाकै यस क्षेत्रमा पुग्नका लागि अर्को जिल्ला भएर जानुपर्दा विकासका कामले गति लिन सकेको थिएन । अहिले स्वास्थ्य र शिक्षा संगै विकासका काममा पनि जोड दिइएको हेटौंडा-१५ का वडा अध्यक्ष सुनिल मोक्तानले बताए ।

पशुस्वास्थ्य शिवीर कार्यक्रम हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत शिबराज चौलागाँईको प्रमुख आतिथ्यतामा भएको हो । यस क्षेत्रका किसानले पालन गरेको गाई, भैसीमा नाम्लेको संक्रमण र कुखुरा र बाखामा रूघा, ज्वरो, खोकी लाग्ने जस्ता समस्या रहेको थियो ।

शिबीरमा ९६ परिवार किसानले सेवा लिएको कार्यक्रमको अध्यक्षता समेत गर्नु भएका मोक्तानले बताए । चिप्लेटीमा शहरी स्वास्थ्य केन्द्र स्थापना गरेपछि यहाँका नागरिकलाई सामान्य बिरामी हुँदा उपचार गर्नका लागि सहज भएको छ ।


## थाहा नगरपालिका कृषि शाखाको सूचना !

प्रकाशित मितिः २०७९/०९/०५

यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणीचौर मकवानपुरको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा फलफुलको विरुवा वितरण गर्ने कार्यक्रम रहेकोले मिति २०७९/०९/२९ गते भित्र कृषक समूह, कृषि फर्म र कृषि सहकारीहरुले विरुवाको तपसिल अनुसारको दररेटमा रकम सहित माग गर्नका लागि आवश्यक कागजातसहित निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| तपसिल | परल मूल्य | कृषकले तिर्नुपर्ने मूल्य |
|---|---|---|
| १. किवी कलमी | रू.१००/- | रू.५०/- |
| २. जानिज हलुवावेद | रू.६०/- | रू.३०/- |
| ३. दाँते ओखर | रू.४०/- | रू.२०/- |

**आवश्य कागजातहरू:**

१. निवेदन १ प्रति, २. कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा कम्नी प्रमाणपत्रको प्रतिलिपी १ प्रति ३. कृषक समूह/कृषि सहकारीको बैठकको प्रमाणपत्रको प्रतिलिपी १ प्रति, ४. पान दर्ताको प्रमाणपत्रको प्रतिलिपी, ५. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

*अन्य जानकारीको लागि मोबाइल नम्बर ९८४५१०३३४१/९८४५०७२२०० मा सम्पर्क गर्नुहोस् ।*


विकास खबरपत्रिका खोजी-खोजी पढौं ।


## जाडोबाट बच्न निम्न उपायहरू अबलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी